# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE 15.03.2024**

### • ECI Conference

निर्वाचन आयोगले भोली लोकसभा साथै केही राज्यमा विधानसभा चुनाउको घोषणा गर्नेभएको छ। नयाँ दिल्लीको विज्ञान भवनमा भोली दिउँसो चुनाउको मितिको घोषणा हुनेछ।

वर्तमान लोकसभाको कार्यकाल यसै वर्ष सोल्ह जूनमा समाप्त हुनेछ। वर्ष 2019-मा लोकसभा चुनाउको घोषणा दश मार्चमा गरिएको थियो अनि चुनाउ अप्रेल र मईमा सात चरणमा सम्पन्न भएको थियो।

अहिलेसम्ममा भारतीय जनता पार्टीले लोकसभा चुनाउका लागि दुई सय सड्सटजना अनि प्रमुख विपक्षी दल कंग्रेसले बसायीजना उम्मेदवारको नाम घोषित गरेको छ।

---------------------------------------X---------------------------------------

### • Training on General Election

आगामी आम चुनाउलाई लिएर आज मंगन जिल्लाको पेन्टोकस्थित जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा सेक्टर मेजिस्ट्रेट र सेक्टर पुलिस अधिकारीहरूका निम्ति प्रशिक्षण सम्पन्न भयो।

चुङथाङका महकुमा अधिकारी एवं राज्य स्तरीय प्रमुख प्रशिक्षक श्री किरन ठटालले मत्स्यपालन निदेशालयका सहायक निदेशक श्री उगेन छितेन भोटियाको सहयोगमा प्रशिक्षण गराउनुभयो।

प्रशिक्षण अवधि आदर्श आचार संहिताको महत्त्व र यसलाई लागू गरिनुको उद्देश्यमाथि संक्षिप्तमा चर्चा गरियो। प्रशिक्षणार्थिहरूलाई आदर्श आचार संहिताअनुरूप कानून प्रवर्तन र चुनावी प्रक्रियाको निगरानीमा उनीहरूको भूमिकाबारे अवगत गराइयो।

प्रशिक्षक श्री ठटालले प्रशिक्षणार्थीहरूलाई उनीहरूका सबै प्रश्नको सम्बोधन गर्न सहयोग पुऱ्याउने आश्वासन दिँदै सजग र सतर्क रहने आग्रह गर्नुभयो।

यसअवधि प्रशिक्षणार्थीहरूलाई इलेक्ट्रोनिक भोटिङ मसिन (EVM) र भोटर भेरिफाएबल पेपर अडिट ट्रायल्स (VVPAT) सञ्चालन विषयमा व्यवहारिक प्रशिक्षण पनि दिइयो।

---------------------------------------X---------------------------------------

### • Training for AEO

यसैक्रममा, आम चुनाउको तयारीलाई लिएर सहायक व्यय पर्यवेक्षक, लेखा टोली अनि भिडियो अवलोकन टोलीका निम्ति आज आयोजित प्रशिक्षण सत्र मंगनका जिल्लाधिशको कक्षमा सम्पन्न भयो।

यसअवधि जिल्लाधिश एवं जिल्ला निर्वाचन अधिकारी श्री हेमकुमार छेत्रीले सही डेटा रेकर्ड राखिनुपर्ने महत्त्वमाथि प्रकाश पार्दै मिडिया प्रमाणीकरण एवं निगरानी समिति (MCMC)-सित मिलेर काम गर्ने आग्रह गर्नुभयो। उहाँले आदर्श आचार संहिता लागू भएपछि यसबारे जानकार रहनुपर्ने आवश्यकतामाथि जोड़ दिँनुभयो अनि भन्नुभयो, आगामी दिशानिर्देशहरू अघिल्लो बैठकमा साझा गरिनेछ।

---------------------------------------X---------------------------------------

### • Meeting with Campus Ambassadors

पाकिमका जिल्लाधिश एवं जिल्ला निर्वाचन अधिकारी श्री टाशी छोपेलले यहाँको ग्रामीण विकास विभागको रूर्बन सामुदायिक परिसरमामा आगामी आम चुनाउका लागि मतदान केन्द्रहरूमा स्वयंसेवकहरूको तैनातीको सम्बन्धमा जिल्लाका सबै चुनावी साक्षरता क्लबहरूका क्याम्पस एम्बासेडरहरूसित बैठक गर्नुभयो।

बैठकमा जिल्लाधिशले चुनावी साक्षरता क्लबका प्रतिनिधिहरूलाई भविष्यका र नयाँ मतदाताहरूबीच चुनावी संस्कृति विकसित गर्न र यसलाई बनाइराख्नमा रहेको उनीहरूको लक्ष्य र उद्देश्यबारे जानकारी गराउँदै क्लबको विस्तृत जानकारी प्रदान गर्नुभयो। सबै क्लबका क्याम्पस एम्बासेडरहरूको भूमिकामाथि चर्चा गर्दै मतदानको दिन वरिष्ठ नागरिक, दिव्याङ्गजन र नयाँ मतदाताहरूलाई सहयोग प्रदान गर्नमा रहने उनीहरूको जिम्मेवारीमाथि जानकारी गराइयो।

---------------------------------------X---------------------------------------

### • Public Notice

गान्तोकका वरिष्ठ पुलिस अधिक्षक श्री कर्मा ग्यामसो भोटियाले एउटा सार्वजनिक सूचना जारी गर्दै राँका-सिचे सड़क मार्गमा रहेको बनझाक्री (रानी खोला) पुल नियमित मरम्मतिका लागि भोली अर्थात सोल्ह मईको राती आठदेखि दश बजीसम्म बन्द रहने जानकारी दिनुभएको छ। उहाँद्वारा आज जारी सार्वजनिक सूचनामा भनिएको छ कि यसअवधि यो मार्गमा सबै प्रकारका वाहनको आवागमन बन्द रहनेछ।

---------------------------------------X---------------------------------------

**Governor Meets NIT Team**

नामग्याल टिबेटोलोजी संस्थानका निदेशक डाक्टर पासङ D फेम्पुले आज राजभवनमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यलाई पावर पोइन्ट प्रस्तुतिकरणको माध्यमबाट संस्थान सञ्चालनको विस्तृत जानकारी प्रदान गर्नुभयो।

यसअवधि निदेशकले राज्यपाललाई संस्थानको संक्षिप्त परिचय दिँदै यसको स्थापना छोग्याल पाल्देन थोन्डुप नामग्यालले महायाना बौद्ध धर्मका चारैवटा सम्प्रदायहरूको सुरक्षाको दृष्टिमा गरेको बताउनुभयो।

डाक्टर फेम्पुले राज्यपाललाई संस्थानको शासन प्रणाली, महासभा, कार्यकारी बोर्ड र वित्तीय समिति साथै यसको नियामक कार्यप्रणाली अनि समग्र कार्यसम्पादनबारे जानकारी गराउनुभयो।

राज्यपालले सदस्यहरूको नियुक्ति प्रक्रिया साथै संस्थानको परिसरमा स्थापना हुन लागेको तीसवटा पलङयुक्त सोवा रिग्पा अस्पतालको बारेमा जानकारी लिनुभयो। उहाँले संस्थानमा शिक्षा, अध्ययन र गतिविधिको विकासको महत्त्वमाथि प्रकाश पार्दै वर्तमान आवश्यकताअनुरूप यसको लक्ष्य र उद्देश्यमा संशोधन गर्ने सुझाउ दिनुभयो।

--------------------------------------X--------------------------------------

**National Time Protocol**

केन्द्रिय उपभोक्ता मामिला मन्त्री श्री पीयूष गोयलले आज मुम्बईमा भारतीय मानक समयको विस्तारका लागि राष्ट्रिय समय प्रोटोकल (NTP)-को उदघाटन गर्नुभयो। यसबाट मिलीसेकेन्ड सटीकताका साथ समान र सठिक समयको जानकारी प्राप्त हुनका साथै साइबर सुरक्षा पनि बढ्नेछ। मानिसहरूले यसको जानकारी time.nplindia.org अथवा time.nplindia.in-बाट लिन सक्नेछन्।

श्री गोयलले फरीदाबाद र अहमदाबादमा क्षेत्रिय सन्दर्भ मानक प्रयोगशाला (RRSL)-मा टाइमिङ इन्स्फ्रास्ट्रक्चरको पनि भर्चुअल रूपमा उदघाटन गर्नुभयो।

CSIR राष्ट्रिय भौतिक प्रयोगशालाका भारतीय मानक समय प्रभाग प्रमुख डाक्टर आशीष अग्रवालले आकाशवाणीसितको विशेष कुराकानीमा भन्नुभयो, भारत समय वितरण प्रणाली लागू गर्ने पहिलो देश हो।

--------------------------------------X--------------------------------------